# भूमि अधिकार

बर्ष १, अंक ३, डिसेम्बर २००३



**सामाजिक समुन्नतिको लागि भूमि अधिकार**

हाम्रो भनाई

# भूमिसम्बन्धी अध्यादेश र बेदर्तावाल मोहीको समस्या

भूमिसम्बन्धी ऐन २०२१ लाई सरकारले अध्यादेश मार्फत छैठौं पटक संशोधन गर्न गृहकार्य गरिरहेको छ । प्रधानमन्त्री सूर्यबहादुर थापाले १८ कात्तिकमा सरकारको भावी लक्ष्य, रणनीति तथा कार्ययोजना सार्वजनिक गरेलगत्तै भूमिसुधार तथा व्यवस्था मन्त्रालयले विद्यमान भूमिसम्बन्धी ऐन संशोधनको गृहकार्य शुरु गरेको हो । ऐनको पाँचौ संशोधनमा मोही लागेको जग्गा बाँडफाँड गर्ने म्याद २०५८ साल साउन ३२ को मितिले २ वर्ष तोकिएकोमा सो अवधिमा दर्तावाल मोहीमध्ये २.१९ प्रतिशतको मात्र जग्गा बाँडफाँड हुँदा आइपरेको कानुनी संकट फुकाउन अध्यादेशमार्फत ऐन संशोधन गर्नुपरेको बताइएको छ । जसमा द्वैध स्वामित्व अन्त्यका लागि जग्गा बाँडफाँड गर्ने म्यादलाई खुला राख्ने र त्यसको आधारमा नियमावली बनाउँदा भने अवधिमा सीमित गर्ने सोचाई सरकारले लिएको छ । त्यसबाहेक २० हजारसम्म कृषि ऋण मिनाहा गर्ने, भूमि कोष खडा गरी भूमिहीनलाई जग्गा खरीद गरी उपलब्ध गराउने आदि कार्यक्रम ल्याइने थाहा भएको छ ।

अत्यन्त जनमुखी भनी प्रचार गरिएको एवं भूमिसुधार मन्त्री सर्वेन्द्रनाथ शुक्लले वर्तमान द्वन्द्वलाई निस्तेज पार्न ल्याउन लागिएको बताए पनि अध्यादेशमा नयाँ नीति तथा कार्यक्रम भने समावेश नगरिएको बुझिएको छ । बेदर्तावाल मोहीको समस्यालाई समाधान गर्ने दिशामा पनि कुनै पहल गरिएको छैन ।

बेदर्तावाल मोहीहरुको समस्यालाई ध्यान नदिई ल्याइने कुनै पनि भूमिसुधार कार्यक्रमले पूर्णता पाउन सक्दैन । मोहीका रुपमा जमिन जोत्दै आएका तर मोहियानी हक नपाएका ४ लाख ५० हजार मोहीको हक सुरक्षित नगरिएसम्म नेपालमा मोहियानी हकको अवधारणा समाप्त गर्न खोज्नु अन्याय हुन जानेछ । यसको प्रतिकूल असर नेपालको अर्थतन्त्र र विगत ८ वर्षदेखि चर्कदै आएको द्वन्द्वमा परेको तथ्यलाई नकार्न मिल्दैन । भूमिहीन गरीब, दलित मोहीलाई मोहियानी हक दिने र द्वैध स्वामित्वको अन्त्य गर्ने अनिवार्य प्रावधान जबसम्म समावेश गरिदैन, तबसम्म साँचो अर्थमा भूमिसुधार लागू हुनै सक्दैन ।

ऐन संशोधन गरेर मात्र जनमुखी हुन सक्दैन । मूल कुरा त्यसमा जनमुखी नीति छ कि छैन भन्ने हो । आम जोताहा किसानको समस्यालाई यो सरकारले गम्भीरतापूर्वक लिइ सरल र न्यायिक तवरले मोहियानी हक दिन सकिने नीतिगत व्यवस्था गरिनुपर्छ । यसमा जोताहाको पीडा र समस्यालाई सम्बोधन गरिनुपर्छ । यसो नभएर अहिले पनि जुन जोगी आए पनि कानै चिरिएका भनेझैं जमिनदारी हठमा जमिनदारकै पोषण गर्ने नीति सरकारले ल्यायो भने त्यो अर्को गल्ती सावित हुनेछ । किनकिजनतामा यसले अझै निराशा, पीडा र आक्रोश त अवश्य थप्छ, साथै यसले ल्याउने परिणाम कति भयावह हुन्छ भन्ने अहिले कल्पना समेत गर्न सकिँदैन ।

## यस अंकमा

सरकारी नीति : जमिन जोत्नेलाई अन्याय ...... ३
कथा-व्यथा भूमिसुधारको ...... ५
भूमि अधिकारसँग जोडिएको हलिया प्रथा ...... ७
नेपालमा भूमि सवाल र सरकारी नीति विषयक छलफल ...... ९
मकरलालको संघर्ष : समुदायदेखि सर्वोच्चसम्म १२
मुक्त कमैयाद्वारा जग्गा कब्जा : आधारभूत अधिकारको खोजी ...... १२
जसको घर छैन, उसको देश छैन ...... १३
गातीका जोताहा मोहियानी हक का लागि जुर्मुराउँदै ...... १४
तर हाम्रो जमिन छैन ...... १४
नखोजी हक पाइँदैन ...... १४
पत्रपत्रिकाका समाचार ...... १५

## अनुरोध

यो पत्रिका चौमासिक रूपमा प्रकाशन गरिनेछ । भूमि अधिकारसँग सम्बन्धित लेख, घटना, समस्या, सल्लाह, सुझाव पठाई सहयोग गर्नुहुन हामी सबै महानुभावमा हार्दिक अनुरोध गर्दछौं ।

# सरकारी नीति : जमिन जोत्नेलाई अन्याय

● जगत देउजा


नेपालको भूमि इतिहासदेखि वर्तमानसम्म नियाल्दा अधिकांश खेतीयोग्य भूमि शासक, प्रशासक, जमिनदार, बिर्तावाल र सामन्तको कब्जामा रहेको पाइन्छ । भूमिमा रहेको यस्तो असमान वितरणले गर्दा धेरै जमिन हुनेहरुले खेती गर्न नसकेर बाँझो राख्नुपर्ने अवस्था आयो भने भूमिहीन र न्यून भूमिवाला कृषकलाई जमिनदारको जमिन कमाएर जीविका गर्नुपर्ने बाध्यता रह्यो । यसरी सीमित वर्गले जमिन थुपार्ने प्रक्रियासँगै अरुलाई जग्गा कमाउन दिने प्रचलन शुरु भयो । जमिन कमाउन दिने र लिने प्रचलनसँगै वास्तविक रुपमा श्रम गर्नेको पनि खनजोत गरेको जमिनमा केही न केही स्वामित्व हुनुपर्छ भन्ने अवधारणाले ठाउँ पायो । यो अवधारणाले कानूनी रुप भने २०२१ सालमा ल्याइएको भूमिसम्बन्धी ऐनमा पाएको थियो ।

भूमि वितरणको असमानताबाट जन्मिएको आर्थिक, सामाजिक शोषणबाट मुक्ति दिन ल्याइएको भनिएको यो ऐन निकै असल थियो भन्न त सकिदैंन तर पछिका प्रजातान्त्रिक भनिएका सरकारले मोहियानी व्यवस्थाको नै अन्त्य गरेबाट भने भूमिसम्बन्धी ऐन २०२१ लाई एउटा सशक्त भूमि नीति तथा कार्यक्रमको रुपमा लिन कर लागेको छ । भूमिसम्बन्धी ऐन २०२१ मा जोताहा किसानले जोतिरहेको जमिनको एक मुख्य बालीसम्म जग्गाधनीलाई बुझाई भर्पाई लिएको छ भने मोहियानी हक पाउने व्यवस्था थियो । २०२१ सालपछि नेपालका विभिन्न जिल्लामा नापीको समयमा पनि मोहियानी लगत लिने र अस्थायी निस्सा उपलब्ध गराउने कार्य भएको थियो । यस ऐनलाई पञ्चायतकालमै विभिन्न पटक संशोधन गरिए पनि जमिन जोत्ने किसानलाई कानूनीरुपमा ठूलो अन्याय गरिएको थिएन । यद्यपि कानूनको कार्यान्वयन पक्ष अत्यन्त धिमा र हुनेखानेकै पक्षमा हुने गर्थ्यो ।

२०४६ सालमा प्रजातन्त्र उदय पछि जमिन जोत्ने किसानहरु आफूले पुस्तौंदेखि जोतखन गर्दै आएको जमिन आफ्नै हुनेमा ढुक्क थिए । तर प्रजातान्त्रिक भनिएको सरकारले भने उल्टै जनताको आशालाई निरासामा बदल्यो । जमिन जोत्नेको गराउन त सकेन नै, उल्टै भूमिसम्बन्धी ऐन २०२१ मा चौथो पटक संशोधन गरेर मोहियानी लाग्ने व्यवस्थाको समेत अन्त्य गरिदियो । २०५८ सालमा ऐनमा पाँचौ पटक संशोधन गरियो । सो समयमा विभिन्न जिल्लाका किसान, सरोकारवाला आदिले सरकारलाई मोहियानी हकको व्यवस्था गर्न अनुरोध गरे । प्रतिपक्षबाहेक सत्तापक्षकै केही सांसदले समेत लगातार ३ वर्षदेखि जमिन जोत्दै आएका किसानलाई मोहियानी हक दिने व्यवस्था गर्न संशोधन प्रस्ताव पेश गरे । भूमि अधिकारका लागि क्रियाशील संस्थाहरुले प्राकृतिक स्रोत तथा साधन बाँडफाँड समितिसँग यसबारेमा छलफल गरे तर त्यसको कुनै सुनुवाई भएन ।

अरुको जमिनमा खेतीपाती गरी परिवार पाल्नुपर्ने लाखौं नेपाली जनताको बाध्यात्मक अवस्था रहेको यथार्थता अहिले पनि घामझैं छर्लङ्ग छ । औद्योगिक अवसर बढ्दै जानुको सट्टा घट्दै गइरहेको छ । यस्तो अवस्थामाथि विचार नै नगरी केही जमिनदारको प्रभावमा मोहियानी लाग्ने व्यवस्थाको अन्त्य गरिनु भनेको जोताहा किसानमाथि ठूलो अन्याय गर्नु हो । हुन त यो व्यवस्था अस्पष्ट छ, अस्पष्ट यस अर्थमा कि सोही ऐनका विभिन्न दफा र त्यसको कार्यान्वयनका लागि बनेको नियमसँग मोहियानी नलाग्ने व्यवस्था बाझिएको छ । २०५८ साल श्रावण ३२ गतेबाट लागू भएको पाँचौं संशोधनमा व्यवस्था भएअनुरुप मोही लागेको जग्गा बाँडफाँड गर्ने म्याद २०६० साल श्रावण मसान्तमा समाप्त भएको छ । पाँचौ संशोधनले निर्दिष्ट गरेको उद्देश्य पूरा हुन सकेको छैन । यसको कार्यान्वयन पक्ष शुन्य भन्दा माथि उठ्न सकेन ।

विभिन्न अध्ययनले हाल पनि करिब ४ लाख ५० हजार परिवारले अरुको जमिन कमाइरहेको आँकडा देखाएका छन्, व्यवहारमा यो संख्या अझ बढी छ, जो कानूनी तवरले मोहियानी हक प्राप्त गर्नबाट वञ्चित छन् । २०५३ सालमा मोहियानी नलाग्ने व्यवस्था


नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, साउन १२ गते २०६० साल (अतिरिक्ताङ्क १८ (ग)

भाग ३

श्री ५ को सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

भूमि सम्बन्धी (चौथो संशोधन) नियमावली, २०६०

*प्रजातान्त्रिक भनिएको सरकारले भने उल्टै जनताको आशालाई निरासामा बदल्यो । जमिन जोत्नेको गराउन त सकेन नै, उल्टै भूमिसम्बन्धी ऐन २०२१ मा चौथो पटक संशोधन गरेर मोहियानी लाग्ने व्यवस्थाको समेत अन्त्य गरिदियो ।*

लागू गरेपछि कुत कबुलियत गरी गा.वि.स. वा नगरपालिकामा दर्ता गराएकालाई मोहियानी कायम गराउन निवेदन दिने लालमोहर लागेको मिति २०५३ साल पौष २४ गतेबाट ६ महिना म्याद दिएको थियो । जुन व्यवस्थाबाट त्यस्ता किसानले हक कायम गराउने सम्भावना त परै जाओस्, त्यस व्यवस्थाबारे जानकारी समेत पाउन सकेनन् । हाम्रो जस्तो भौगोलिक विकटता, सञ्चार असुविधा र असाक्षरता भएको देशमा जुन म्याद अत्यन्तै अव्यवहारिक र अन्यायपूर्ण भएको तथ्य जो कोहिले स्वीकार्छन् ।

खास गरीब, दलित र कमजोर अवस्थाका जोताहा किसानले मोहियानी हकबारे कानूनी व्यवस्था के छ ? कुनै जानकारी पाएका छैनन् । उनीहरुले वर्षेनी बुझाउँदै आएको कुतको भर्पाइसमेत लिन नसकिरहेको अवस्था छ । यस्ता निमुखा किसानलाई न्याय प्रदान गर्न एकपटक मात्र भए पनि पुनः मोही लगत लिनु अत्यन्तै आवश्यक छ । नयाँ मोही नलाग्ने उल्लेख भए पनि भूमिसम्बन्धी ऐनमा मोहियानी हक दिनसक्ने प्रावधान अत्यन्तै बलियोसँग रहेको छ । समग्र ऐन र नियमावलीलाई केलाउँदा केही हुनेखानेको स्वार्थपूर्तिका लागि मात्र तत्काललाई दफा २५ को उपदफा २ थप गरिएको देखिन्छ । तर सोही ऐन र नियमावलीमा मोहियानी हकको अवधारणालाई प्रवलरुपमा स्वीकार गरिएको छ ।

मोहियानी हकको अन्त्य गर्नुपूर्व यस विषयमा कुनै छलफल तथा लाभान्वित समूहमा गएर यसबारे वास्तविकता बुझिएको छैन । मोही र जग्गाधनीबीच विवाद बढेको भन्ने अत्यन्तै हलुको कारण अगाडि ल्याएर गरीब जोताहा किसान जनताको हक खोस्ने काम भएको छ । जहाँसम्म साहू र मोहीबीच देखापरेको केही विवादको विषय छ, व्यवस्थापन र यससम्बन्धी झन्झटिलो कार्यविधिले ल्याएका समस्या मात्र हुन् ।

***भूमिसम्बन्धी ऐन चौथो संशोधन २०५३ को दफा २५ को उपदफा २ (मोहियानी नलाग्ने व्यवस्था) खारेज गरिनुपर्छ । यसको लागि नीति निर्मातालाई सोही ऐनको दफा २६, ३० र ३४ ले बाटो खोल्न मद्दत पुर्‍याउनेछ ।***

मुलुकमा द्वन्द्व बढ्नुको मुख्य कारणमा भूमिमा मोहियानी हक नलाग्ने नियम तथा यसको असफल व्यवस्थापन पनि हो भन्ने तथ्यमा आँखा चिम्लन मिल्दैन । मोहियानी हकलाई व्यवहारमा लागू गर्न प्रतिबद्ध र सरल कार्यविधि ल्याउनुको सट्टा मोहियानी हक प्राप्त गर्ने व्यवस्थालाई 'जसको जोत उसको पोत' भनेर नारा दिने सरकारले नै खारेज गरेपछि यो स्थिति आएको हो ।


जोतिरहेको जमिनमा मोहियानी हक पाउने अवस्थामा अवरोध आएपछि जोताहा किसानहरुमा वितृष्णा बढिरहेको छ । उनीहरु जमिन छोड्नु, अन्य कामको व्यवस्था नहुने, कमाउँ मोहियानी हकसमेत नपाउने मारमा परेका छन् । जोताहा किसानलाई कानूनीरुपमा द्वैध स्वामित्व (मोहियानी हक) प्रदान नगरिकनै द्वैध स्वामित्व अन्त्यको अवधारणा अगाडि ल्याएकाले यो समस्या झन चर्को बनेको छ ।

सामाजिक समुन्नति र न्यायका लागि मोहियानी हक दिनुको विकल्प छैन । खास जोताहा किसानले मोहियानी हक नपाउने हो भने भूमिसुधारले कहिल्यै पनि सार्थक रुप हासिल गर्न सक्दैन । यसबाट उत्पादन घट्ने, जमिन बाँझो रहने समस्याहरु बढ्दै आएको छ । जसले गरिबी बढ्दै गएको छ । सरकारले हाल आएर पुनः भूमिसम्बन्धी नयाँ कार्यक्रमको घोषणा गरी त्यसलाई नीतिमा समेटी लागू गर्न आवश्यक गृहकार्य गरिरहेको बुझिएको छ । अब आउने नीतिमा ती लाखौं बेदर्तावाल मोहीलाई मोहियानी हक दिने व्यवस्था गर्नैपर्छ, यसो नगर्ने हो भने जनतामा झन ठूलो निराशा छाउने निश्चित छ । भूमिसम्बन्धी ऐन चौथो संशोधन २०५३ को दफा २५ को उपदफा २ (मोहियानी नलाग्ने व्यवस्था) खारेज गरिनुपर्छ । यसका लागि नीति निर्मातालाई सोही ऐनको दफा २६, ३० र ३४ ले बाटो खोल्न मद्दत पुर्‍याउनेछ । जसको सट्टा देशभरि अरुको जग्गा कमाइरहेका जोताहा किसानको नयाँ लगत २ वर्षभित्र जिल्ला भूमिसुधार कार्यालयबाट लिने व्यवस्था गरिनुपर्दछ । यो लगत श्री ५ को सरकारले निकट भविश्यमै लिन लागेको जग्गाको फाँटवारीकै सिलसिलामा पनि लिन सकिन्छ । स्थलगत लगत लिन नसकिने अवस्था सृजना भएमा स्थानीय पदाधिकारीको सिफारिस, कुत कवुलियत वा कुत भर्पाइलाई आधार लिइ ३ वर्षदेखि लगातार जमिन जोतिआएका किसानलाई उनीहरुले दिएको निवेदनको आधारमा जिल्ला भूमिसुधार कार्यालयले मोहियानी हकको प्रमाणपत्र दिने व्यवस्था उपयुक्त हुनसक्छ ।

२०२१ सालमै मोही जनिएकालाई सोही प्रमाणको आधारमा प्रमाणपत्र दिने र अनुसूची भएकालाई सरल किसिमले स्रेस्तामा मोहियानी कायम गरिनुपर्दछ । आफू वा आफ्नो परिवारले खेती नगरी अरुले खेती गरेको भएमा त्यसरी जोतकमोद गर्नेको नाममा मोही कायम हुनुपर्दछ । एउटै जग्गामा १ भन्दा बढी व्यक्तिको जोतभोग भएमा संयुक्त मोहियानी हक कायम रहने व्यवस्था हुनुपर्दछ । जग्गाधनीको पहुँच नपुगेको जग्गा जोत्ने जोताहाको नाममा दर्ता हुने व्यवस्था हुनुपर्दछ ।

मोही लागेको जग्गा सरकार स्वयंले आधा-आधा गरिदिने भन्ने व्यवस्थाले मोही निस्सा भएका तर स्रेस्तामा मोही नजनिएकाहरु आधा जग्गा पाउनबाट वञ्चित हुने सम्भावना हुने हुनाले शुरुमा अस्थायी निस्सा भएका मोहीलाई स्रेस्तामा मोहियानी कायम गरिदिने अभियानपछि मात्र जग्गा बाँडफाँड गर्न व्यवहारिक हुने देखिन्छ । जग्गा बाँडफाँड सरकार आफैंले गरिदिने भन्ने प्रावधान यसबीचको समयमा प्रभावकारी नदेखिएकाले निश्चित अवधि तोकेर मोही वा जग्गाधनीले संयुक्त वा एकल पनि निवेदन दिनुपर्ने प्रावधान राखी यसबारेमा जोताहा किसानसम्म जानकारी पुर्‍याउने व्यवस्था गर्नु नै सान्दर्भिक देखिन्छ ।

ऐनलाई पटक पटक संशोधन गरेर मात्र जनमुखी हुने होइन । मूल कुरा त त्यसमा जनमुखी नीति छ कि छैन, जनचाहना समेटिए कि समेटिएनन् भन्ने हो । तसर्थ अब आउने नीतिमा ४ लाख ५० हजार वेदर्तावाल मोहीलाई सरल र न्यायिक तवरले मोहियानी हक दिन सकिने नीतिगत व्यवस्था गरिनुपर्छ । यसमा जमिन जोत्ने जोताहाको पीडा र समस्यालाई संबोधन गरिनुपर्छ । यसो नभएर अहिले पनि 'जुन जोगी आए पनि कानै चिरिएका' भनेझैं त्यही जमिनदारी ढाँचामा जमिनदारकै पोषण गर्ने नीति सरकारले ल्यायो भने त्यो अर्को भयंकर गल्ती सावित हुनेछ । किनकि जनतामा यसले अझै निराशा, पीडा र आक्रोश थप्नेछ । ●



*जमिनमाथिको पहुँच र स्वामित्वसँग नेपालका हरेक आन्दोलनको सम्बन्ध छ । चाहे राजनीतिक मुद्दालाई महत्व दिएर गरिएको माओवादी जनयुद्ध होस्, चाहे लैंगिक, दलितजस्ता सामाजिक आन्दोलन हुन, जमिनको कुरो जोडिएकै पाइन्छ । कमैया आन्दोलन त सोझै जमिनमा नै जोडिएको छ*

● अशोककुमार पाठक

# कथा-व्यथा भूमिसुधारको

राजा महेन्द्रबाट २०२१ सालमा १६, २०२२ मा २५ र २०३३ मा ३४ जिल्लामा लागू गरिएको भूमिसुधार कार्यक्रम पाँच वर्षमा नै सुस्ताएको थियो । पछि २०३६ सालमा तत्कालीन भूमिसुधार मन्त्री राजेश्वर देवकोटाले राखेको जग्गाको हदबन्दी घटाउने र जमिनमाथिको दोहोरो स्वामित्व अन्त्य गर्ने प्रस्ताव मन्त्रिपरिषद्ले अस्वीकार गरेको थियो । जमिनदारको प्रतिनिधित्व गर्ने सामन्तहरुको प्रभावले देवकोटाले राजिनामा समेत गर्नुपरेको टिप्पणी उहाँको रहँदै आएको छ ।

प्रजातन्त्र पुनर्स्थापना भएपछि भूमिसुधार मन्त्री बनेका जगन्नाथ आचार्यले पनि भूमिसुधारको प्रयास गर्दा देवकोटाकै हालत भयो । एउटै लालपूर्जाबाट सबै जमिन देखिने व्यवस्था गर्न खोजेका र उद्योग व्यवसायका नाममा राखिएको जग्गा तोकिएको उद्देश्यअनुरुप प्रयोग नभएको पाइएमा जफत गर्ने अभियान उनले चलाएका थिए । पछि यसै कारणले पार्टीभित्रबाट चर्को विरोध भयो र आचार्यले राजिनामा पनि गर्नुभयो । भूमिसुधारका लागि प्रक्रिया अघि बढाउँदा शेरबहादुर देउवाकै पनि चर्को विरोध पार्टीभित्रैबाट भयो ।

नेपाली राजनीतिमा जनाधिकारको खोजी भएदेखि भूमिसुधारको कुरा आजसम्म निरन्तर उठिरहेको छ । तर ठोस काम भने हुन सकिरहेको छैन । २००७ सालको आन्दोलनपछि भूमिसुधार कार्यक्रम ल्याउन खोज्दा त्यसबेलाका सामन्तहरुले वीपीलाई धैरै दुःख दिएका थिए । वीपीले भूमिसुधारको कुरा उठाएपछि भूमिपतिहरु यसका विरुद्ध सक्रिय भए । विधानसभा र भूमिसुधार कार्यक्रमका विषयमा बेवास्ता गरेपछि मातृकाप्रसाद कोइरालाको नेतृत्वमा भएको आफ्नै सरकारलाई ००८ सालमा कांग्रेसले कारण देखाउ आदेश दियो । मातृकाप्रसाद कोइरालाले नमानेपछि उहाँलाई पार्टीबाटै निकालियो । तर, मातृकाप्रसाद कोइराला भूमिसुधारका विरोधीको सहारामा १० दिनभित्रै अर्कै पार्टी बनाएर प्रधामन्त्री बने ।

२०१५ सालको चुनावपछि "जमिन जोत्नेको हुन्छ" भन्ने वीपीको योजनाअनुसार नै भूमिसुधार आयोग बन्यो । विर्ता खारेज भयो, जमिनदारी उन्मूलन भयो । भूमिसुधारका कार्यक्रम क्रमशः आउँदै थिए, यत्तिकैमा २०१७ सालमा प्रजातन्त्र समाप्त पार्ने काम राजा महेन्द्रबाट भयो । प्रधानमन्त्री बनेका वीपी जेल पठाइए, राजाको मनोमानी शासन सुरु भयो । वीपीबाट प्रभावित भई लोकप्रियताका लागि २०२१ मा राजा महेन्द्रले भूमिसुधार लागू गर्न खोजे । तर राणा, शाह, काजी पुरोहित, कट्टर पञ्च, चाकरहरु जस्ता धेरैलाई यस भूमिसुधारले प्रभावित पारेन, जो मूल भूमिपति थिए । हदबन्दी २० विघा भने पनि हजारौ विघा जमिन एउटै व्यक्तिको नाममा भूमिसुधार लागू भइसक्दा पनि रहेको थियो ।

जमिनमाथिको पहुँच र स्वामित्वसँग नेपलका हरेक आन्दोलनको सम्बन्ध छ । चाहे राजनीतिक मुद्दालाई महत्व दिएर गरिएको माओवादी जनयुद्ध होस्, चाहे लैंगिक, दलितजस्ता सामाजिक आन्दोलन हुन, जमिनको कुरो जोडिएकै पाइन्छ । कमैया आन्दोलन त सोझै जमिनमा नै जोडिएको छ । विगत आन्दोलनका घटना फर्केर हेर्ने हो भने प्रशस्तै भेटिन्छ । सन १९७८ मा भूमिपतिको अन्न नष्ट गर्ने अभियानका रुपमा अघि बढेको बाक्रीपुर आन्दोलन, वन फँडानी गरेर बसोबास गर्ने सन् १९७०/७१ को आन्दोलन, वर्ग शत्रुको निर्मूलीकरण गर्न सन् १९७०/७३ मा अघि बढाइएको युवा परिचालन आदि आन्दोलन भेटिन्छ । यस क्रममा वर्ग शत्रुका रुपमा प्रायः भूमिपति नै रहने गरेको पाइन्छ ।

जुनसुकै समस्याको पनि भूमिसँग सम्बन्ध रहँदै आएको छ । यति हुँदाहुँदै पनि आजसम्म भूमिको समस्या त्यसै छोडिएको छ । बहसमा उठिरहे पनि कसैले कार्यान्वयनको मुद्दाका रुपमा उठाउन भने सकेका छैनन् । वर्षौंदेखि भूमिसुधार बहस, आन्दोलन, निर्वाचनको मुद्दामात्र बनेको छ । भूमिसुधारको यो कार्यक्रम जति पर सारिन्छ, त्यो अझ जटिल समस्या बन्नेछ । लागू गर्न त्यति नै कठिन हुन्छ । लागू भए पनि प्रतिफल न्यून रहन्छ । २०४७ मा अन्तरिम सरकारले, यसले नभए वीपीको इतिहास बेचेर टिकेको

नेपाली कांग्रेसले बहुमतको सरकार बनेको बेला ०४८ मा लागू गर्नुपर्दथ्यो । तर, प्रजातन्त्र पुनर्स्थापना भएको १३ वर्षसम्म पनि महत्व दिइएन । भूमिसुधारका लागि काग्रेसभित्र ००७ सालदेखिको अन्तरकलह कहिल्यै निष्कर्षमा पुगेन ।

विश्व बैंकको ऋण सहयोगमा ब्राजिल, कोलम्विया तथा दक्षिण अफ्रिकामा बजार निर्देशित भूमिसुधारका प्रयास भएका छन् । तर, यसका प्रभाव आशाअनुसारको छैन । भूमिहीन, गरीब किसान, मजदूरलाई यसप्रकारको भूमिसुधारले त्यति छोएको देखिँदैन । नेपालमा भूमि समस्यालाई बजार निर्देशित भूमिसुधारले हल गर्दैन । नेपालको भूमि समस्या जमिनको पुनर्वितरणबाट मात्र समाधान हुनसक्छ । किनकि अझ पनि गुणस्तर र ठूलो परिणाममा जमिन केही व्यक्तिको कब्जामा छ, जो आफू काम गर्दैनन् । नेपालमा कुल खेतीयोग्य जमिनको ३३ प्रतिशत जमिन ६ प्रतिशत उच्च वर्गसँग छ । ४० प्रतिशत निम्नवर्गका जनतासँग ९ प्रतिशत मात्र जमिन छ र यो पनि कम गुणस्तरीय छ । १९ प्रतिशत खेतीयोग्य जमिनमा मात्र सिंचाइ सुविधा उपलब्ध छ । (यूएनडीपी, २००२)

नेपालमा कृषि क्षेत्रले कुल ग्राहस्थ उत्पादनको झन्डै ४० प्रतिशत ओगटिरहेको छ र ७५ प्रतिशत भन्दा बढी जनसंख्यालाई रोजगार दिइएको छ । सुधार हुँदै जाँदा थप हजारौंले कृषिबाट जीवन निर्वाह गर्न पाउँछन् । तर, कृषि क्षेत्रलाई पटक्कै वास्ता गरिएको छैन ।

सन १९४५ यता तेस्रो विश्वका राष्ट्रमा भएका भूमि वितरणले ग्रामीण क्षेत्रको विकासका लागि प्रभावकारी उपायका रुपमा भूमिको वितरण नै रहेको धेरै अध्ययनले देखाइसकेका छन् । जुन देशले भूमिको न्यायिक वितरण गर्न सके, त्यहाँ ग्रामीण अर्थतन्त्र बलियो हुन पुग्यो र गरिबी पनि न्यून भयो । गरिबी पूरै नहटे पनि गरीबको जीवनस्तर केही उकालियो । भोकभोकै मरिहाल्नुपर्ने अवस्थाबाट मुक्ति पाए ।

वास्तवमा, गुणस्तरीय जमिनमा गरीबको जति पहुँच भयो, पुनर्वितरण वा भूमिसुधार जति गरीबमुखी हुन सक्यो, त्यति नै राम्रो परिणाम गरिबी न्यूनीकरण, खाद्य सुरक्षामा आउँछ । जापान, दक्षिण कोरिया, ताइवान, क्युवा र चीन यस प्रक्रियामा केही सफल भएका छन् । ग्रामीण गरिबी अति रहेका र कृषिमा आधारित जनताको बाहुल्य रहेका मुलुकमा त भूमिसुधार प्रभावकारीरुपमा लागू नहुँदा अरु जस्तै कार्यक्रम ल्याए पनि ठूलो प्रगति हासिल हुन सक्तैन ।

ग्रामीण गरिबीसम्बन्धी धेरै अध्ययनले देखाएअनुसार आधारभूत उत्पादनशील स्रोत, विशेषतः जमिनमा पहुँच नभएसम्म गरिबी घटाउन सम्भव हुँदैन । अझ नेपाल जस्तो कृषिप्रधान मुलुकका लागि त जमिनमाथिको पहुँचको विशेष महत्व रहन्छ । भूमिको न्यायिक वितरणलाई सम्भव नबनाएसम्म जतिसुकै विकासे कार्यक्रम ल्याए पनि त्यसले ग्रामीण गरिबी कम भए पनि त्यो नगन्य हुन्छ ।

भूमिसुधारलाई काग्रेस र एमालेले त चुनावी मैदान, घोषणा पत्रमा महत्व दिएकै छन् । तर व्यवहारमा सकेसम्म पन्छाउन चाहन्छन् । आफू सत्तामा रहँदा भरसक कसैले पनि भूमिसुधारको सन्दर्भ नै नकोट्याइदिए हुन्थ्यो भनेझैं गर्छन् । प्रतिपक्षीमा रहँदा भने केही उत्साहित, गम्भीर हुन्छन् भूमिसुधारका मुद्दामा । अब भने कम्तीमा पाँच दल भूमिसुधारका मुद्दामा एउटा ठोस अवधारणा सहित एक ठाउँमा उभिनुपर्छ । नत्र धेरै समस्या भूमिकै वरिपरि टाँसिइरहनेछन् ।

साभार : राजधानी दैनिक

कविता

## चौरसियाको हत्यारा

-तिलक राई

चौरासियासँग चारौ/पाँचौ पटक
किर्ते कागजमा
मुद्दा लड्ने चतुर्‍याई थिएन
चाप्लुसीको पोको थिएन
आफ्नै भूमि थिएन
जमिन जोत्ने तागतमात्र थियो ।
जोत्यो ।
आफूले जोतेको जमिन आफ्नोभन्दा
उसको हत्या भयो
उसको हत्यारा भूमिव्यवस्था हो ।
यो राज्य हो ।
राष्ट्र धनी छ
सिन्को नभाँच्नेहरु जमिनका मालिक छन्
भूमि ऐन, भूमिसुधार ऐन तथा क्रान्तिकारी
भूमिसुधार ऐन
उनीहरुका विवशता सुहाउँदा छन्
उनीहरुको न्यायपालिका छ
र, त चौरासियाको हत्या गरेर दबाउन सक्छन्
यी मालिकहरु एकै ठाउँमा
दसौं हजारका ट्वाक लगाएर हिल्लिंदा
राष्ट्र रमाउँछ
यो जमानामा
दस हजारका ऋणले चौरासियाको हत्या हुँदा
ऊ संवेदनशील छ त ?
चौरासियासँग आफ्नै जमिन त छैन, छैन
उसको न्यायपालिका पनि छैन
राष्ट्र धनी छ
र, त उसलाई क्वाप्प खान सक्छ
उसलाई थुन्ने जेल बनाउन सक्छ
उसलाई सुल्याउने गोली किन्न सक्छ
किर्ते कागजको मुद्दा जित्न सक्छ ।

# भूमि अधिकारसँग जोडिएको हलिया प्रथा

● जगत बस्नेत

## के हो हलिया प्रथा ?

परापूर्वकालदेखि आफ्नो जीवनयापन गर्नका लागि कुनै माथिल्लो वा धनी परिवारको ऋण लिइ उसकै अधिनमा रही काम गर्दै आएको श्रमिक व्यक्ति वा परिवारलाई हलिया भन्न सकिन्छ। धेरैले यस्तो प्रथालाई “बँधुवा मजदूर” पनि भन्ने गर्दछन् । हलियाले विशेषगरी आफ्नो परिवार पाल्ने क्रममा कुनै साहूबाट ऋण लिएवापत उसले त्यसको व्याजवापत सित्तैमा वा विना पारिश्रमिक ऋण नतिरेसम्म हलो जोतिदिनुपर्ने हुन्छ। यो प्रथामा कमैयामा भन्दा पनि बढी शोषण भएको पाइन्छ किनभने धेरै दलित हलिया भएका कारण उनीहरुले छोएको पानी चल्दैन । भित्र बसेर खाना खान, सुत्न पाइदैन । साना गल्ती कमजोरी भएमा ठूलो हप्काई खानुपर्छ । जबकि कमैयामा यस्तो थिएन । यो प्रथा नेपालको सुदूर तथा मध्यपश्चिमका जिल्लामा चर्को रुपमा पाइन्छ भने अन्य जिल्लामा साधारण रुपमा देखिन्छ ।

यो प्रथा शुरु हुनुमा ब्राह्मणहरुले हलो जोत्न हुँदैन भन्ने धार्मिक आस्थाका कारण विगतदेखि आफूभन्दा तल्लो जातकालाई जोताउँदै आएको पाइन्छ । यसरी माथिल्लो जातको हलो जोतिदिनेमा गरीवहरु नै हुन्थे । मध्य तथा सुदूरपश्चिमका ठकुरीहरुले पनि हलो नजोत्ने भएका कारण यो प्रथा त्यहाँ अझ विकराल रुपमा पाइन्छ । हलो जोत्ने काम कठिन भएका कारण त्यतिबेलाका टाठाबाठाले अरुलाई लदाएर खानका लागि बनाएको एउटा नियम पनि हो । मध्य तथा सुदूरपश्चिमका बाहुन तथा ठकुरीहरुले यसलाई विना पारिश्रमिक खेती चलाउनका लागि अर्को एउटा शोषणको रुप थपेका हुन, ऋण दिएवापत खेती जोतिदिनुपर्ने । यो छोरा नातीसम्म पनि संस्कारको रुपमा सरेको छ र बाधा मजदुरको रुप लिएको छ ।

हलियाहरुलाई मुलतः ३ प्रकारमा वर्गीकरण गर्न सकिन्छ । पहिलो, साहूकै जग्गामा बसेर सबै काम साहूकै गरेर जीवनयापन गर्ने, दोश्रो आफ्नो जग्गामा बसेर साहूको ऋण लिएवापत हलो जोतिदिने र तेश्रो हो, ऋण लिएवापत साहूकोमा मौसमअनुसार हलो जोतिदिने । यस्ता हलियाका प्रकार जिल्ला, ठाउँ र साहूको व्यवहारअनुसार फरक फरक पाइन्छ ।

## हलिया प्रथा वा बाँधा मजदुरका विषयमा कानुनी प्रावधान

सन् १९८० भन्दा पहिला नेपालमा कमाराकमारी राख्ने चलन थियो । श्री ३ चन्द्र शमशेर जबराले सन् १९८२ मा कमाराकमारी



राख्ने सबै ऐन खारेज गरे । साथै यसको नियम उल्लंघन गर्नेलाई सजायको समेत व्यवस्था गरेका थिए । तर त्यसपछिका सरकारले यसलाई कार्यान्वयन गरेनन् । २०४६ सालपछि बनेका सरकारले ठूलो जनदबावपछि कमैयाहरुलाई मुक्त गरे पनि हलियाहरुको अवस्था जस्ताको त्यस्तै छ। कमैयाभन्दा पनि चर्को शोषणको रुपमा रहेको हलिया प्रथा आज पनि राष्ट्रिय सवाल बन्न सकिराखेको छैन । यसैगरी श्री ५ को सरकारले उचित ज्यालाका लागि श्रम ऐन २०४८ ल्याएको छ । त्यसबाट पनि हलियाहरुले कुनै त्यस्तो सुविधा पाएका छैनन् । यसैगरी सन् १९२६ को दासत्व अभिसन्धी, सन् १९५३ को उपलेख, सन् १९५७ को दासत्व, दास व्यापार वा दासत्व सरहका संस्था तथा प्रचलन उन्मुलन विषयको सहायक अभिसन्धी आदिले बाँधाश्रमलाई निषेध गरेको छ। राजनीतिक तथा नागरिक अधिकार विषयको धारा ८ ले पनि बाँधाश्रमलाई निषेध गरेको छ जुन सन् १९६६ मा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको थियो ।

## सतही विकासे कार्यक्रम

कमैयाहरुले मुक्ति पाए पनि हलियाको अवस्था आज पनि जस्ताको त्यस्तै छ। सुदूरपश्चिमबाट लोकेन्द्रबहादुर चन्द र शेरबहादुर देउवा धेरै पटक प्रधानमन्त्री भैसके तर यो कसैको सवाल बन्न सकेको छैन । शेरबहादुर देउवाले छुवाछुतका विरुद्धमा दलित मुक्तिको घोषणा गर्नुभयो तर उहाँको जिल्लामा रहेको आर्थिक तथा सामाजिक शोषणको यो पाटोमा भने बोल्नसमेत चाहनुभएन् ।

यो सवाल न त सरकारको आँखामा छ, न त गैरसरकारी क्षेत्रको नै । गाउँमा समूह गठन गर्ने र रु. ५ वा १० जम्मा गर्न

लगाउने सरकारी वा गैरसरकारी संस्थाका विकासे कार्यक्रमले यस सवाललाई ज्यूँका त्यूँ राख्न मात्र मलजल भएको छ। विकासे कार्यक्रमले हलियाहरुले मुक्ति पाउने भन्दा पनि विकासे संस्थाका लागि बचत गरिदिन अझ ऋण माग्न जानुपर्ने अवस्था छ। विकासेहरुका लागि हलिया भएकै कारण उनीहरुको जीवनमा के-के कुरामा असर परेको छ भनेर हेर्न परामर्श सेवासम्म आँखा पुगेको छैन। अरु नचाहिँदा सवालमा धेरै अध्ययन र अनुसन्धान भएको छ तर यस सवालमा अहिलेसम्म दुईवटा संस्थाहरुले अनौपचारिक रुपमा मात्र अध्ययन गरिएको पाइन्छ। यसको पनि प्रतिवेदन अनौपचारिक रुपमा मात्रै आदानप्रदान गर्ने अवस्थामा छ।

दलितसँग कार्यरत दलित गैरसरकारी संस्थाहरुले पनि खाली छुवाछुतको सवालमा चेतना जगाउने मात्र काम गरिरहेका छन्। अब दलितका लागि चेतनाका कार्यक्रम बढी भैसक्यो। सधै चेतनाका कुरा गरेर मात्र कति बस्ने ? दलितका लागि अब छुवाछुतको चेतना मात्र नभएर आर्थिक पक्षसँग जोडिएको भूमि अधिकारको सवाल महत्वपूर्ण छ। उनीहरु हलिया भएर दुई तीन पुस्ता बिताइसके, त्यसबाट मुक्ति पाउनु छ। मुक्तिले मात्रै उनीहरुको सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक स्थितिमा सुधार ल्याउने छ। उदाहरणका लागि बैतडी जिल्लाका दुर्गा भवानी गाविसका भानीराम लावडको ७५रुपैयाँको ऋण आठ हजार पुगेको छ। उनको जीवन नै हलिया भएर बितिसक्यो। उनको मुक्तिका लागि खासै प्रयास कसैले गरेको छैन।

## हलिया प्रथा कसरी भूमि अधिकारसँग जोडिएको छ ?

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालका ४२ लाख ५३ हजार घरपरिवारमध्ये करिब १० लाख परिवारसँग खेती गर्ने जमिन छैन। यसरी खेती गर्ने जमिन नहुनेमा धेरै दलित पर्दछन्। यस्तैगरी धेरै हलियासँग जमिन छैन, बासका लागि पनि साहुको जग्गा जोत्नुपर्ने स्थिति छ। स्थायी बसोबासका लागि पनि जमिनको आवश्यकता पर्ने भएकाले यसका लागि धेरै सुकुम्बासी र दलित हलिया भएको पाइन्छ।

हलिया भएकै कारण हलियाहरु साक्षर हुनबाट वञ्चित छन्। बैतडीमा गरिएको एक सर्वेक्षणअनुसार ६५.३ प्रतिशतले नपुग खाद्यान्न पूरा गर्न फेरि साहूबाट ऋण लिनुपर्छ। बझाङमा गरिएको २४० घरपरिवारको अध्ययनअनुसार ४०५ जना मात्र साक्षर देखिएका छन्। उनीहरुले जबसम्म भूमिअधिकार पाउँदैनन्, तबसम्म विकासको मूल प्रवाहमा समेत आउन सक्दैनन् किनभने आफ्नो जमिन नहुँदासम्म जमिनदारको जमिन जोत्नुपर्ने बाध्यता उनीहरुमा छ।

अहिलेको द्वन्द्वको कारणमा हलिया प्रथा पनि एक हो। मध्य तथा सुदूरपश्चिमका मानिसमाथि भएको यस्तो किसिमका शोषणले नै अहिलेको द्वन्द्वलाई उत्प्रेरित गरेको पाइन्छ। तर विकासे संस्थाहरु यसका लागि छलफल चलाउने भन्दा पनि आयवृद्धि गर्नुपर्छ भनेर तरकारी लगाउने र कुखुरा पाल्ने सहयोगमा जुटेका पाइन्छ। यसले खासै उनीहरुको जीवनमा सुधार नल्याउने पक्का छ। यस्ता खाले विकास यसभन्दा अघि उनीहरुका नाममा धेरै भैसकेका छन्। भूमि प्राप्ति पछिका यस्ता कार्यक्रमले मात्र उनीहरुलाई सघाउने छ। ●

# भूमि अधिकारबारे को के भन्छन्...

नेपालको प्रशासनयन्त्र र राजनीतिक नेतृत्व धेरै जग्गा जमिन हुनेहरुको पहुँचभित्र रहेको छ।

**- पद्मसिंह विश्वकर्मा, अध्यक्ष राष्ट्रिय दलित आयोग**

नेतृत्व लिनेहरुबीचमै भूमिसुधारबारे अन्योल र अठोट नभएका कारण भूमिसुधार गर्न नसकिएको हो।

**- जगन्नाथ आचार्य, पूर्व भूमिसुधार मन्त्री**

खेती नगर्ने जमिनदारको जमिन काम गरिरहेका किसानलाई हस्तान्तरण गर्ने र बाँझो जमिन छोड्न नपाउने कानूनी व्यवस्था हुनुपर्छ।

**- राधाकृष्ण मैनाली, पूर्व भूमिसुधार मन्त्री**

धनी मान्छे झन धनी र गरीब मान्छे झन गरीब बन्दै जानुको प्रमुख कारण गरीबको भूमिमाथि पहुँच नहुनु हो। भूमिसुधारको अनिवार्य शर्त जमिन जोत्नेको हुनुपर्छ।

**- केशब बडाल-संयोजक, उच्चस्तरीय भूमिसुधार आयोग**

जमिन उत्पादन गर्नसक्नेको हातमा हुनुपर्छ। २४ प्रतिशत जनसंख्यासँग जग्गा नभएको वर्तमान अवस्थामा उत्पादकत्व नबढाउने हो भने वितरणको अर्थ हुदैन।

**- डा. हरिकृष्ण उपाध्याय, सदस्य राष्ट्रिय योजना आयोग**

भूमिहीनलाई जग्गाको मालिक बनाउन नदिने माफिया हरेक राजनीतिक पार्टीमा र प्रशासनमा समेत हाबी रहेका छन्।

**- डा. मिनेन्द्र रिजाल, पूर्व सदस्य, राष्ट्रिय योजना आयोग**

# नेपालमा भूमि सवाल र सरकारी नीति विषयक छलफल

सरकारले ल्याउन लागेको भूमिसम्बन्धी अध्यादेशको सन्दर्भमा जनमुखी भूमिसुधारका एजेण्डाबारे छलफल गर्न राजधानीमा नेपालमा भूमि सवाल र सरकारी नीति विषेयक छलफल कार्यक्रम मंसिर २१ मा सम्पन्न भयो । कार्यक्रममा मुलुकको भूमि समस्या समाधान हुन नसक्नुको मुख्य कारण जमिनमा वास्तविक जोताहाको स्वामित्व नहुनुलाई औंल्याइएको थियो । जोताहालाई जमिनको स्वामित्व दिलाउन सकिए प्राय: सबै समस्या समाधान हुनेमा कार्यक्रमका वक्ताहरुले जोड दिनुभएको थियो । कार्यक्रमका सहभागीले आउने अध्यादेशमा वेदर्तावाल मोहीको समस्या समाधानका लागि आवश्यक नीतिगत व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गरिएको थियो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य हरिकृष्ण उपाध्याय, उच्चस्तरीय भूमिसुधार आयोगका संयोजक केशव बडाल, पूर्वमन्त्री जगन्नाथ आचार्य र राधाकृष्ण मैनाली, भूमिसुधार मन्त्रालयका सहसचिव रुद्रकुमार श्रेष्ठ, राष्ट्रिय दलित आयोगका पद्मसिंह विश्वकर्मा, कृषि अर्थविद दीपेन्द्रबहादुर क्षत्रीलगायतले बोल्नुभएको थियो । कार्यक्रममा सरकारी अधिकारी, पूर्व भूमिसुधार मन्त्री, भूमिविज्ञ, संघसंस्थाका प्रतिनिधि, पीडित किसान र सञ्चारकर्मी गरी ९७ जनाको सहभागिता




थियो । कार्यक्रम एक्सनएड नेपालको सहयोगमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र सचेत सञ्चार मञ्चको संयुक्त आयोजनामा भएको थियो ।

### प्रधानमन्त्रीलाई ज्ञापन-पत्र

मुलुकका करिब ४ लाख ५० हजार वेदर्तावाल मोहीको हक सुरक्षाका लागि आवश्यक नीतिगत व्यवस्था गर्न प्रधानमन्त्री सूर्यबहादुर थापालाई ज्ञापनपत्र पेश गरिएको छ । पत्रमा मोहियानी अवधारणाको अन्त्यबाट जोताहा किसानमा पर्न गएको समस्या, मोहियानी हक पुनर्स्थापनाको औचित्य र हुनुपर्ने नीतिगत व्यवस्थाका बारेमा उल्लेख छ । सरकारले निकट भविश्यमै ल्याउन लागेको अध्यादेशमा सो कुरालाई समेट्न आमजोताहा किसानको तर्फबाट आग्रह पनि पत्रमा गरिएको हो ।

### राष्ट्रिय कार्यसमूहको सवलीकरण

भूमि अधिकारको सवालमा कार्यरत तथा कार्य गर्न इच्छुक व्यक्ति एवं संस्थाहरुको सञ्जाल निर्माण गर्ने उद्देश्यले २०५९ साल वैशाख ६ गते पहिलो बैठक भएको थियो । बैठकको निर्णयअनुसार भूमिअधिकारका लागि राष्ट्रिय कार्य समूह गठन भइ हाल सो कार्यसमूहमा ३४ वटा संघसंस्था आबद्ध भएका छन् । त्यस्तै विभिन्न क्षेत्रका व्यक्तिको समेत सहभागिता यसमा छ । कार्यसमूहको पछिल्लो पटक २९ जुलाइ २००३ को बैठकमा भएको छलफलअनुसार कार्यसमूहको अवधारणा र अभियानबारे आधारभूत सामाग्रीहरु तयार गरिएको छ । कार्यसमूहलाई थप व्यवस्थित बनाउन तयार भएको अवधारणा पुन: कार्यसमूहमा छलफल गरी अन्तिम रुप दिइनेछ । कार्यसमूहले भूमिअधिकारबारे राष्ट्रिय छलफलसमेत सम्पन्न गरेको छ ।

### भूमि श्रोत केन्द्रको स्थापना

भूमिसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय सूचना तथा सामाग्रीहरुलाई संकलन गरी व्यवस्थित रुपमा अभिलेखन तथा आवश्यकताअनुरुप प्रयोग गर्ने उद्देश्यले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि स्रोत केन्द्रको स्थापना गरेको छ । स्रोत केन्द्रमा थप सामाग्री जुटाउने क्रम जारी छ ।

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयका अधिकारीसँग छलफल

जनमुखी भूमिसुधारको घोषणासँगै सरकारले भूमिसम्बन्धी अध्यादेश ल्याउने तयारी गरिरहेको छ । यसै सर्न्दभमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको ११ जिल्लाको अध्ययनले पहिचान गरेका सवाल र सिफारिशबारे मौखिक जानकारी एवं छलफल गर्ने उद्देश्यले सरकारी निकायबीच छलफल कार्यक्रम सम्पन्न भयो ।

सो क्रममा नेपालमा वेदर्तावाल मोहीको अवस्था र उनीहरुमाथि नीतिगत तहदेखि नै गरिएको अन्यायका विषयमा छलफल भइ आउँदो अध्यादेशमा मोहीको पुन: लगत लिने व्यवस्था गर्न अनुरोध गरिएको छ । छलफलमा मन्त्रालयका सचिव, सहसचिव, गुठी

संस्थानका प्रशासक, कानुनी अधिकृत र सामुदायिक आत्मनिर्भर केन्द्रका पदाधिकारी, पत्रकार, पीडित किसान भूमि अधिकार अभियान जिल्ला संघर्ष समितिका अध्यक्षसमेत ११३ जनाको सहभागिता थियो ।

## भूमि अधिकार प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

असोज २५ देखि २९, २०६० (अक्टोवर १२देखि १६,२००३) मा ५ दिने भूमि अधिकार राष्ट्रिय प्रशिक्षक प्रशिक्षण तालिम ललितपुरको इमाडोलमा सम्पन्न भयो । तालिममा ५ वटै विकास क्षेत्रबाट १९ जिल्लाका ३२ जनाको सहभागीता थियो । भूमि अधिकारको औचित्य तथा आधारभूत वैचारिक पक्षबारे स्पष्ट पार्नु, प्रत्येक सहभागीको आफ्नो परिवेश तथा राष्ट्रिय तहको भूमि व्यवस्थाबारे समीक्षा गर्नु, भूमि अधिकारसम्बन्धी विभिन्न तहमा आवश्यक सहजकर्ता तयार गर्नु तालिमको मुख्य उद्देश्य थियो । तालिममा विभिन्न क्षेत्रका भूमि अभियान, राष्ट्रिय, अन्तर्राष्ट्रिय अनुभव प्रस्तुति, एवं अभियान संचालनको व्यवहारिक पक्षका बारेमा अभ्यास गरिएको थियो । तालिमको



सहजीकरण विमल फुयाँल, जगत बस्नेत र जगत देउजाले गर्नुभएको थियो । तालिमको आयोजना सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको थियो ।

## भूमि अधिकारबारे छलफल

सामाजिक न्याय र समुन्नतिका लागि भूमि अधिकार विषयमा १६ अक्टोबरका दिन स्टाफ कलेजमा भूमिविज्ञ, सञ्चारकर्मी र विभिन्न संघसंस्थाका सदस्यबीच एक छलफल कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा विभिन्न जिल्लाका अभियानकर्ता एवं केही भूमि जानकारबाट प्रस्तुति गरिएको थियो ।

यस क्रममा भूमि अधिकार जिल्ला संर्घष समिति सिन्धुपाल्चोकका अध्यक्ष सरेश नेपालले भूमि अधिकारसम्बन्धी जल्दाबल्दा सवालबारे प्रस्तुति गर्नुका साथै भूमिमा आधारभूत सुधार नभई गरिवी निवारण फोस्रा कुरा मात्र हुने दावी गर्नुभयो । भूमि व्यवस्था र सामाजिक द्वन्द्वको सवालमा डा.विष्णु उप्रेतीले प्रस्तुति गर्नुभएको थियो । उहाँले हाम्रो देशको द्वन्द्वको मूलकारक तत्व भूमिको असमान वितरण रहेको र जबसम्म जमिन जोत्नेको नाममा हुँदैन, तबसम्म गरिवी निवारण र सामाजिक न्याय प्राप्त हुन सक्दैन



भन्नुभयो ।

विद्यमान भूमिसम्बन्धी कानूनको समीक्षात्मक टिप्पणी गर्दै एक्सन एड नेपालका दीनमणि पोखरेलले हाम्रो संविधानले सम्पत्तिसम्बन्धी हकलाई मौलिक हकको रुपमा व्याख्या गरेकाले सम्पत्ति मौलिक हक रहुन्जेल चाहेको जस्तो भूमिसुधार गर्न सम्भव नहुने हुनाले यसलाई संवैधानिक बहसको विषय बनाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

गरिबी उन्मूलनका निम्ति भूमि अधिकारको अपरिहार्यताबारे राष्ट्रिय सहमति निर्माण गर्न एउटा सशक्त अभियानको खाँचो रहेको कुरा सामाजिक विश्लेषक विमल फुयाँलले बताउनुभयो । भूमिसुधारले समग्र नेपालीको बासको अधिकार, भू-उपयोग र उत्पादन वृद्धि, भू-व्यवस्थामा आधारित शोषण र दासताको अन्त्य, मोहियानी हकको सुरक्षा, कृषिको व्यवसायीकरण, सामुदायिक जग्गाको व्यवस्थापन आदिलाई समेत समेट्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय भूमि अधिकार अभियानबारे क्षेत्रीय दलित नेटवर्कका गणेश वि.क. र नेपाल चेपाङ संघका यमबहादुर चेपाङले जनजातिहरुको भूमि अधिकार, पीडितहरुको सवलीकरणका बारेमा महिला सहयोगात्मक समाजकी दुर्गा दाहालले बोल्नुभएको थियो । कार्यक्रमको आयोजना भूमि अधिकारका लागि राष्ट्रिय कार्य समूहले गरेको थियो ।

## सञ्चार माध्यममा छलफल

भूमि अधिकार र गरिबी निवारणको विषयमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका संयोजक जगत देउजाले रेडियो सगरमाथाको आजको कुरा कार्यक्रममा भाग लिनुभयो । संस्थाले प्रकाशन गरेको नेपालमा भूमि अधिकार विषयको अध्ययन प्रतिवेदनलाई आधार बनाई रेडियो सगरमाथाले छलफल चलाएको थियो । त्यस्तै सरकारको नयाँ नीतिका सम्बन्धमा भएको अर्को छलफलमा समेत उहाँले आफ्नो विचार राख्नुभयो । यसै विषयमा भएको अर्को एक कार्यक्रममा भूमि अधिकार सर्वपक्षीय समिति, सिन्धुपाल्चोकका अध्यक्ष सरेश नेपालले भाग लिई आफ्ना विचार राख्नुभएको थियो ।

## सिन्धुपाल्चोकमा सर्वपक्षीय भेला

भूमि अधिकार अभियान जिल्ला समिति, सिन्धुपाल्चोकको आयोजनामा भाद्र १६, २०६० (२, सेप्टेम्वर,२००३) चौतारामा सर्वपक्षीय भेला सम्पन्न भयो । भेलामा पीडित किसान, राजनीतिक पार्टीका प्रतिनिधि, भूमि अधिकार अभियानकर्मी र जनप्रतिनिधिको उपस्थिति थियो । कार्यक्रममा ४ महिला र ३४ पुरुष सहभागी थिए । भूमि अधिकार अभियानलाई सशक्तरुपले अगाडि बढाउन सर्वपक्षीय जिल्ला संघर्ष समिति बनाउने उद्देश्यले उक्त भेलाको आयोजना गरिएको थियो । मोहियानी हक, जग्गा नापी तथा पूर्जा प्राप्तिका लागि जिल्ला मालपोत र भूमिसुधार कार्यालयमा पेश भएका सयौं निवेदनउपर सम्बन्धित निकायले कार्वाही नगरेकाले संघर्षको कार्यक्रम अगाडि बढाउनुपरेको अभियानकर्मीले बताएका छन् ।

उक्त कार्यक्रममा भैरहेका गतिविधिको जानकारी गराउनुको साथै अभियानलाई थप परिणाममुखी बनाउनेबारेमा अन्तर्क्रिया गरी निश्कर्ष निकालिएको छ । भेलाले निवर्तमान जिविस सभापति सरेश नेपालको अध्यक्षतामा १५ सदस्यीय संघर्ष समिति गठन गरेको छ । त्यसको भोलिपल्ट २६ जनाको प्रतिनीधिमण्डलले प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद बस्याललाई भेटी समितिको अभियानबारे जानकारी गरायो ।

## सम्पर्क केन्द्र स्थापना

सिन्धुपाल्चोक जिल्लाभर सञ्चालित भूमि अधिकार अभियानलाई समन्वय एवं व्यवस्थित गर्न भूमि अधिकार जिल्ला अभियान समितिको सम्पर्क केन्द्र चौतारामा स्थापना गरिएको छ । सो केन्द्रले विभिन्न गाविसबाट आउने जोताहा किसानलाई सहयोग गर्ने, जिल्लाभरको भूमिसम्बन्धी सूचनालाई व्यवस्थित गर्ने तथा सम्बन्धित कार्यालयहरुमा समन्वय विस्तार गर्ने उद्देश्य लिएको छ । यसबाट विभिन्न गाविसबाट अभियानकर्मी सदरमुकाम आइरहनुपर्ने हालको अवस्थामा केही सहजता आउने विश्वास लिइएको छ ।

## साहू र मोही किसानबीच छलफल

सिन्धुपाल्चोकको गाती गाविसका करिव तीन सय परिवार बर्षौंदेखि जोतखन गरिआएको जमिनमा मोहियानी हक पाउन सकेका




छैनन् । उक्त समस्याको विषयमा जग्गावाल र मोही एकआपसमा छलफल गरी समाधानको उपाय निकाल्ने उद्देश्यले बाह्रबिसेमा कार्तिक ३० गते छलफल कार्यक्रमको आयोजना गरियो । छलफलमा ८ जना जग्गाधनी र २७ जना मोही किसानको उपस्थिति थियो । छलफलपछि केही जग्गावाल जोताहा किसानलाई कुत बुझाएको भर्पाइ दिन सहमत भएका छन् । छलफललाई नियमित गर्ने सहमति पनि भएको छ ।

## समस्या समाधानका लागि मन्त्रिपरिषद्मा प्रस्ताव

जोतभोगको कागजी निस्सा नभएका सिन्धुपाल्चोकको गुठी तथा नापी समस्या समाधानका लागि एक अधिकार सम्पन्न समिति गठन गर्ने प्रक्रिया मन्त्रालय तहमा पुगेको छ । ११ गाविसका २५० परिवारले ५८७ कित्ताको लागि हक पाउन निवेदन गरेपछि शुरु भएको यस प्रक्रियामा समस्या समाधानका लागि अध्ययन समिति निर्माण, स्थानीय पदाधिकारीको सिफारिशसहितको थप निवेदन, दर्जनौं पटक ज्ञापनपत्र पेश र बैठक भएका छन् । समिति गठनको लागि प्रस्ताव तयार गरी मन्त्रिपरिषद्मा लैजाने कार्य अन्तिमरुपमा पुगेको मन्त्रालय सूत्रले बताएको छ । यसअघि सो समितिका लागि आवश्यक बजेट निकासाका लागि अर्थ मन्त्रालयले स्वीकृति प्रदान गरिसकेको छ । प्रस्तावमा तौथली गाविसको १७ सय कित्ता र नवलपुर ब्लक नापीको समस्या पनि समेटिने छ । सो कार्यलाई अन्तिम रुप दिन जोताहा किसान र अभियानकर्मीहरुबाट नियमित रुपमा पालो बनाई अनुगमन गरिएको थियो ।

## तौथलीमा पूर्जा वितरण शुरु

नापी भएको २२ वर्षपछि तौथली गाविसका पहिलो पटक ११



परिवारले लालपूर्जा प्राप्त गरेका छन् । नापी भएको जग्गाको पूर्जा पाउन गत वर्ष एकहजार निवेदन जिल्ला मालपोत कार्यालयमा पेश गरिएको थियो । थप पूर्जाहरु मालपोत कार्यालयले तयार गरिरहेको छ । तौथलीका किसान हक प्राप्तिका लागि संगठित रुपमा लागि परेकाले पूर्जा पाउन सम्भव भएको हो । यस कार्यका लागि ग्रामीण विकास समाज र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहजीकरण प्रक्रियामा सहयोग पुऱ्याउँदै आइरहेको छ । ●

# मकरलालको संघर्ष : समुदायदेखि सर्वोच्चसम्म

**मकरलालले धेरै पटक जिल्ला सदरमुकाम, जिल्ला अदालत मालपोत र सर्वोच्चमा हार गुहार गर्ने काम गरे । राजा र न्यायाधीशका बाहुलीमा विन्तीपत्र चढाए ...**

आफू र आफू बसेको महोत्तरी जिल्ला बर्दिवास वारनचौडीका सयौं परिवारको भूमि अधिकारका लागि संघर्षरत् व्यक्ति हुन् मकरलाल विश्वकर्मा । २०२१ सालमा जन्मेका मकरलालको परिवार २००४ सालदेखि सोही ठाउँमा स्थायी बसोबास गर्दै आएका छन् । उनका बुबा भने शुरुदेखि नै त्यहाँका जिम्दार निरबहादुर हमालको नजिकका सेवक भएर काम गर्थे । 'पहिले यही बासको ठेगान होला भनेर जिम्दारको सेवा गरियो, अहिले त यही जग्गा पनि उनैले दर्ता गराउन खोजेछन् भन्ने सुन्छु । खोई आफू त ९५ वर्ष पुगें । जहान परिवार कहाँ बस्लान ?' मकरलालको बुबा दुखेसो गर्छन् ।

बुबा जिम्दारको सेवक भए पनि मकरलाल सानैदेखि जिम्दारको शोषण र आफ्ना अधिकार बारेमा बोल्ने गर्दथे तर जिम्दारप्रति सारै आक्रोशित भने थिएनन् । बसोबास गरिरहेको जग्गा नापी नभए पनि उनीहरु ऐलानी जग्गा भनेर ढुक्क परेका थिए तर यो आवादि क्षेत्रमा नै पर्दथ्यो । यसैबीच स्थानीय निरबहादुर हमालले २०४८ सालतिर करिव १२० घरधुरी बसोबास गरेको १६ विगाहा जग्गा आफ्ना छोराका नाममा किर्ते कागज (२ नं को रसिद र ७ नं को फारम उसकै कब्जामा हुनाले) चाटुकार र चम्चाहरुका साक्षीमा दर्ता गर्ने प्रक्रिया अगाडि बढेको थाहा पाए । यस कुराले मकरलाललाई सहिनसक्नु भयो । उनी तुरुन्त सदरमुकाम गई मालपोतमा बुझ्ने काम गरे । त्यहाँका कर्मचारीबाट त्यस ठाउँमा बस्ती नभएको र जग्गा जमिनदारको भएको जवाफ पाए । मकरलालले त्यस ठाउँमा गएर हेरियोस् भनी तुरुन्तै निवेदन दिए । गाउँमा आई त्यहाँ बसोबास गर्ने ४० जनाको प्रतिनिधिमण्डल सदरमुकाम गए ।

यस घटनासँगै मकरलाल जग्गाको अधिकारका लागि सहजकर्ताको भूमिका निर्वाह गर्न थाले । यसैबीचमा मकरलाललाई जिम्दार निरबहादुरको कैयन धम्की, त्रास र हप्कीको सामना गर्नुपर्‍यो । तर यी सब तगारोले मकरलाललाई हतास बनाएन । बरु उनमा झन ऊर्जा थप्ने काम गर्‍यो । बसोबास गरिआएको जग्गा बसोबास गर्नेको हुनुपर्दछ भनी राजनीतिक पार्टीहरुको शरणमा पनि जाने काम गरे । जनमोर्चाले लाठी जुलुस निकालेर विरोध पनि गर्‍यो । मकरलालले धेरै पटक जिल्ला सदरमुकाम, जिल्ला अदालत मालपोत र सर्वोच्चमा हार गुहार गर्ने काम गरे । राजा र न्यायाधीशका बाहुलीमा विन्तीपत्र चढाए । तर यी सब निकायमा उक्त जग्गा दावी गर्ने हमालकै पकड थियो । यी सब कामबाट थोरै मात्रामा भने पनि सफलता भयो त्यो हो-मालपोतले पीडितहरुको निवेदन परेपछि जग्गा ऐलानी जनिएको र त्यहाँ बस्ती बसेको भनी जग्गा हमालको नाममा दर्ता गरिदिएन ।

सघर्ष गरेपछि सफलता अवश्य पाइन्छ भनेझै हाल उनको मेहनत, श्रम, समर्पण र लगनशीलताले फल पाएझैं उनले आज यस अभियानमा अरु धेरै सहयोगी साथी र संस्था भेटेका छन् । संघर्ष गरिरहने प्रतिवद्धता झन दरो बनाएका छन् । उनी र अरु साथी मिलेर सर्वोच्चमा निवेदन पेश गरेका छन् । २०५९ मंसिर १३-१४ गतेलाई मकरलाल कहिल्यै बिर्सदैनन् किनभने यसै दिनमा उनले भूमि अधिकारका लागि नयाँ बाटो भेटेको हुँ भन्दछन् । जुन दिन भूमि अधिकारबारे बर्दिबासमा गोष्ठी भएको थियो ।

– दुर्गा दाहाल,
**महिला सहयोगात्मक समाज, महोत्तरी**

# मुक्त कमैयाद्धारा जग्गा कब्जा :

## आधारभूत अधिकारको खोजी

चुवा गा.वि.स. वडा नं. ६ र ७ विशालपुरका मुक्त कमैयाले २०६० जेठ महिनामा बैठक गरी आफ्नै जमिनदार विशाल उप्रेतीको लगभग ३ बिघाको ऐलानी जमिन कब्जा गरे तर त्यो लामो समयसम्म टिक्न सकेन । त्यसपछि जमिनदारले मुक्त कमैयाले बनाएका घर, टहरासमेत भत्काई दिएको थियो । त्यसपछि मुक्त कमैया समाजद्वारा बौनिया, चुवा र प्रतापपुरमा मुक्त कमैयाको र्‍याली, जुलुश गरियो जसमा ऐलानी पर्ति जमिन कब्जा गर्छौं, गर्छौं, आफ्ना गा.वि.स.का मुक्त कमैयालाई आफ्नै गा.वि.स.मा व्यवस्था गर जस्ता नारा लगाइएको थियो । तत्पश्चात उक्त विशाल भन्ने जमिनदारको जमिन पुन: कब्जा गरियो । हाल भूमिसुधार कार्यालयबाट उक्त जमिन ५/५ कठ्ठाको दरमा ३५ जनालाई कित्ताकाँट गरिएको छ र त्यसैगरी ८५ घरपरिवारले स्कूलको जग्गा कब्जा गरी बसेका छन् । उक्त स्कूलको जग्गा प्रयोगहीन अवस्थामा ओगटेर मात्र राखिएको थियो । बौनिया, प्रतापपुर थापापुर र पहलमानपुरमा पनि जग्गा कब्जाका लागि उनीहरु संगठित भइरहेका छन् ।

– पशुपति चौधरी
**मुक्त कमैया समाज**

# जसको घर छैन, उसको देश छैन

***वर्षमा १२ वटा बैठकमा भाग लिन उनले हलिया भएका कारण पाएनन् बरु उनका प्रतिद्वन्द्वीहरुकै हालिमुहाली चल्यो गा.वि.स.को निर्णय प्रक्रियामा ।***

डम्मरसिंह टमटा डडेल्धुरा जिल्लास्थित गणेशपुर गा.वि.स.४ का निवर्तमान वडा अध्यक्ष हुन् । उनी १५ वर्षपहिलेदेखि नै गाउँको एक मालिकका घरमा हलिया थिए । हलिया हुनु उनको दोष होइन, उनका बाजेका पालादेखिको गरिबी, दलित र भूमिहीन हुनुको दोष थियो । दुईजना गैरदलित चुनावमा लडेका बेला दलितहरु बढी भएकाले मौकाले डम्मरले चुनाव जिते । तर गा.वि.स.को नियमित बैठकमा उनी वर्षमा केवल ३ पटक मात्र गए । उनलाई बैठक संख्या थाहा नभए पनि १/१ सयका दरले ३ पटक रु ३००।- बुझेको याद छ ।

वर्षभर भएका १२ वटा बैठकमै भाग लिन उनले हलिया भएका कारण पाएनन् । बरु उनका प्रतिद्वन्द्वीहरुकै हालिमुहाली चल्यो गा.वि.स.को निर्णय प्रक्रियामा । उनीसँग ऋण नभए पनि आफू बस्ने जग्गासमेत आफ्नो नभएका कारण उनी हलिया हुन बाध्य भए । उनी भन्छन्-"जसको घर छैन, उसको देश छैन ।" डम्मरलाई यतिमात्र दुःख छैन । एकदिन आफ्नै वडाको मुखिया तेजराम भण्डारीको छोरा जन्म्यो, गाउँको चलनअनुसार मुखियाको छोरा जन्मँदा दलितहरुले दुबो र पिठाया (चामलको पीठो, अक्षता छुइने हुँदा) चढाउने चलन छ ।

त्यस दिन डम्मरले विद्रोह गर्ने विचारले रक्सी खाए, अनि निर्धक्क साथ भने म दुबो चढाउन्न, बरु हाम्रो छोरो जन्मँदा उनीहरुले खुशीयाली मनाउनुपर्छ किनकि उनीहरुको कामदार हलिया बढ्छ तर उनीहरुको छोरा जन्मँदा हामीलाई केको खुशीयाली ? यो कुरा मुखियाले सुनेपछि आफ्ना भतिजाहरुलाई पठाएर वडा अध्यक्ष डम्मरलाई कुटपिट गर्न लगाए ।

उनी राति भागेर सोही गा.वि.स.का उपाध्यक्ष भीम बि.क.को घरमा आश्रय लिई ९ दिनसम्म बसे । उनलाई त्यहाँ थप खतरा बढेपछि भागेर कञ्चनपुरको गुलरियामा आई ११ दिन लुकेर बसे । संकटकाल लागेकाले भण्डारीका भतिजाहरु भारत गएको कुरा उनले थाहा पाएपछि डम्मर घर गए र ढुक्कसँग बसे । एउटा वडा अध्यक्ष जस्तो सम्मानित व्यक्तित्वले बँधुवा र दलित भएका कारण यसरी दुःख पाइरहे । हलिया भइकन पनि जनप्रतिनिधि र विद्रोही कसरी हुनुभयो भनी सोध्दा उनी भन्दछन्-२०५४ मा इन्सेकको गोष्ठीमा गएको दिनदेखि म बिग्रें । (गोष्ठीमा उनले आफूमाथि भएको अन्याय बुझें)

सोही गा.वि.स. का टीका टमटाले पनि आजभन्दा ३५ वर्षपहिले मालिक बलराम जोशीबाट रु.५०००।- ऋण लिए र हलिया भए । त्यसबेला टीका १३ वर्षका मात्र थिए । रु.५००० को व्याजस्वरुप उनले ३२ वर्षसम्म हलिया काम गरे । यसबीचमा उनले छोराछोरीको विवाह गर्ने, चाडपर्व मनाउने गरी ऋण लिँदै जाँदा थपिएर २२,०००।- पुग्यो । ऋण बढ्दै गयो, साथसाथै उनको उमेरसमेत ५० पुग्यो । ५० वर्ष भएकाले अब तिमी काम गर्न सक्दैनौ, त्यसैले अब म अर्को हलिया खोज्छु-मालिकले निर्णय सुनाए । पैसा फिर्ता गर भन्दा उनीसँग केही थिएन ।

उनीसँग भर्खर ब्याएको भैसी भएकाले साहुले त्यही खोसेर लिए । डम्मर टमटालगायत्का जनप्रतिनिधिले १२,०००।- को भैसी लिएकाले अब पहिलेको २२,००० ।- को तमसुक च्यातेर १०,००० ।- को मात्र बनाउ भन्दा जोशीले मानेनन् । अहिले पनि टीकाको नाममा रु २२,००० ।- कै तमसुक छ तर १२,००० ।- को भैसी गोठवाट तानेर लगियो । गाउँका यसखाले घटनाका विरुद्ध लड्ने अठोटका साथ हाल डम्मर टमटा क्षेत्रीय दलित नेटवर्कले संचालन गरेको हलिया मुक्ति अभियानका नेता तथा अभियानकर्ताको रुपमा कार्यरत छन् ।

**- गणेश बि.के.**
**क्षेत्रीय दलित नेटवर्क, धनगढी**

## *गातीका जोताहा*

# मोहियानी हकको लागि जुर्मुराउँदै

***अहिले ४० वर्ष भइसक्यो नियमित कुतबाली बुझाउँछु, न भर्पाइ दिन्छ, न त मोहियानी हक । भनेको समयमा बाली नबुझाएमा साहूले गाली बेइज्जत गर्छन् ।***

पुस्तौदेखि अरुको जमिन जोत्दै आएका गातीका सयौं जोताहा मोहियानी हकका लागि जुर्मुराउन थालेका छन् । आफ्नै पुर्खाको जग्गा भएतापनि मरेको बाखा, पुरानो कपडा, पसलको सामान र २२ सालमा अनिकाल पर्दा कनिका दिएर बदलामा साहूहरुले किसानका खेतीयोग्य जमिन खोसेका थिए । आफ्नो जग्गाको प्रमाण साहूले खोसेता पनि किसानले कमाउँदै आएका र निरन्तररुपमा कुत तथा अधिया बुझाउँदै आएका छन् । त्यसरी बुझाएको कुतको प्रमाण भने साहूहरुले दिएका छैनन् ।

७४२ घरधुरी रहेको सो गा.वि.स.मा ३०० घरधुरीको जग्गा त्यसरी खोसिएपछि जोताहा किसानहरु साहूको शोषण र दबावमा पिल्सिन बाध्य छन् । गाती ३ का पञ्चवीर तामाङ भन्छन्- "घरखर्च चलाउनका लागि ७ मोहोर ऋण सापट लिएको थिएँ, तोकिएको समयमा तिर्न सकिन, पछि बुझाउँदा लिन मानेन, दिन्छस् भने गैरीखेत पास गरिदे नत्र पैसा नदिएकोमा मुद्दा हालिदिन्छु भने साहूले, त्यसपछि गैरीखेत पास गरेर दिएँ । अहिले ४० वर्ष भइसक्यो नियमित कुतबाली बुझाउँछु, न भर्पाइ दिन्छ, न त मोहियानी हक । भनेको समयमा बाली नबुझाएमा गाली बेइज्जत गर्छन । अहिले पो गाउँमा आउदैनन् नत्र खेतमै आएर धान लिएर जान्थे ।"

गातीमा यस्ता पीडा सहेर बस्ने सयौ छन् । प्रायः तामाङबस्ती बढी भएको सो गा.वि.स.का तामाङहरुलाई विभिन्न प्रलोभन देखाई जग्गा हड्प्नेहरु गाउँ नजिकैको बाह्रबिसे बजारका व्यक्ति छन् । गातीमा बाह्रबिसेका जीतलाल श्रेष्ठको मात्रै ९९ कित्ता जग्गा छ ।

पुस्तौंदेखि सहँदै आएको अन्यायले चरम रुप लिएपछि त्यहाँका जोताहा मोहियानी हक प्राप्तिका लागि संगठितरुपमा जुर्मुराएका छन् । सम्पूर्ण पीडितको उपस्थितिमा २०५९ मंसिर १९ गते भेलाको आयोजना गरी ११ सदस्यीय भूमि अधिकार सचेतीकरण समिति गठन गरी अभियान अघि बढिरहेको छ । समितिले नियमित बैठक बसाई भर्पाइ नदिए कुत नबुझाउने आफूसँग भएको प्रमाणहरु संकलन गर्नेलगायत् साहूसँग अन्तर्क्रिया कार्यक्रम पनि गर्दै आएका छन् ।

यसैबीच भूमिसुधार कार्यालय चौतारामा ६३ जनाको २ नं.अनुसूची फाराम भएको पाइएको छ । हाल जोताहाहरुको आन्दोलन र अभियान चर्किंदै गएपछि साहूहरु मोहियानी हक दिन तयार भएका छन् । साहूहरुले मोहियानी हक नदिए सम्पूर्ण पीडित सडक आन्दोलनमा समेत उत्रने समितिका अध्यक्ष प्रेमबहादुर श्रेष्ठले बताए । भएका प्रमाण संकलन गरी भूमिसुधारमा मुद्दा दायर गर्ने तयारी किसानले गरिरहेका छन् । यसैबीच साहूहरुले भर्पाइ नदिएका कारण जोताहाहरुले बालीसमेत रोकिराखेका छन् ।

– जयबहादुर श्रेष्ठ

# तर हाम्रो जमिन छैन ...

पर्वत जिल्ला माझफाँट २ बस्ने दिलसिंह दर्जीका छोरा सूर्य दर्जी अर्काको जग्गा कमाउँछन् । उनका बाबाले २७ वर्षसम्म कमाएको जग्गा १० हलको खेत अहिले ३ भाइले बाँडेर कमाएका छन् । जग्गा कमाएवापत साहूलाई आधा अन्न र घाँस दिनुपर्छ । म २५ वर्षको भएँ, आफ्नो जग्गामा कमाई गरेको छैन, खेतीको काम मंसिरबाट साउनसम्म गर्छु । खान भने मंसिरबाट फागुनसम्म पुग्दैन । मैले बारम्बार रेडियो सुन्छु, गरिवी निवारण कार्यक्रम भनेर रेडियो फुक्छ, विकास कार्य भइरहेको देख्छु । तर हाम्रो जमिन छैन, चर्पी छैन, तरकारी रोप्ने माटो छैन । गोठ बनाउने ठाउँ छैन । केको विकास हो ? अर्काको जग्गामा काम गर्‍यो, छोराछोरीले हाम्रो जग्गा हो भनेर सोध्छन्, हो भन्नै पर्‍यो । छोराछोरीको भविष्यप्रति उनकी श्रीमती चिन्तित छिन् । सूर्य दर्जी अहिले पछुताएका छन् । जग्गाको हकबारे कुरा पहिला नै बुझ्न पाएको भए हुन्थ्यो भन्दै सूर्य यस्ता अत्याचारीसँग लड्नुपर्छ भन्ने निष्कर्ष र अठोटमा पुगेका छन् ।

– ल्याम बहादुर दर्जी, आत्मनिर्भर विकास मञ्च

# नखोजी हक पाइँदैन

म बुझुङ लामा हुँ । मेरो घर सिन्धुपाल्चोक जिल्ला नवलपुर गा.वि.स.वडा नं. ५ टाकुरेमा पर्छ । म भूमि अधिकारबाट वञ्चित एक श्रमजीवी कृषक हुँ । मैले साहूको जग्गा र रणनैनेश्वर महादेव गुठीको जग्गा जोतखन गरी जीवन गुजारा गर्दै आएको छु । घरमा मसहित सातजनाको परिवार छौं ।

म २०५९ साल कार्तिकदेखि भूमिअधिकार अभियानमा लागेर पीडित किसानको संगठनमा आबद्ध भई सचेतना कार्यक्रमहरुमा लाग्दै आएको छु । अरु पीडितहरुलाई भूमिसुधार कार्यालयमा दर्ता गराउने साहूलाई म्याद कटाउने, तारेख बोकाउने कामहरु र विभिन्न पटक पीडितहरुको बैठक भेला र सभाहरुमा सक्रिय सहभागी हुँदै आएँ । मेरो जग्गाधनी साहू नवलपुर ६ को बुधे तामाङलाई पटक-पटक मेरो मोही भाग जग्गा मलाई देउ नत्र मुद्दा हाल्छु भनें, शुरुमा त मानेन, तर पछि दिन बित्दै जाँदा साहूको मुटु पोल्दै गयो । मेरो जग्गा मोहीले खाने भयो भन्ने चिन्ताले सतायो । पछि उनले विचार परिवर्तन गरे, सबै जग्गा किन म तलाई नै बेच्छु भन्न थाले । जग्गाको मोलमोलाई भयो कुरा मिलेन । म मोही भाग लिएरै छाड्ने, उनी नदिने, यस्तो खाल्डो रहिरहयो । अन्तमा भर्खरै साहू बुधे तामाङले यो मोहीले आफ्नो भाग छाड्दैन, उससँग जोताहा अस्थायी प्रमाण पनि छ भन्ने बुझेपछि आश्विन १३ गते गाउँघरका केही व्यक्ति भेला गराई नवलपुर भूमि अधिकार अभियान सहयोग समितिको रोहवरमा आधा जग्गा बराबरको मूल्य रु १६,००० बुझिलिई ८ रोपनी जग्गा कार्तिक महिनाभरमा राजिनामा पास गरिदिने कागज लेखिदिएका छन् ।

– हरि तिमिल्सनासँगको कुराकानीमा आधारित

# पत्रपत्रिकामा भूमि (समाचार)

## परिवारका चार सदस्यद्धारा सामूहिक आत्महत्या

**सुजित महत**

कान्तिपुर-वीरगञ्ज, १९ कात्तिक

ऋण तिर्न नसकेर छटपटिइरहेको एक परिवारका चारजनाले यहाँ सामूहिक हत्या गरेका छन् । वीरगञ्ज उपमहानगरपालिका नगवा टोलका ३८ वर्षीय परमानन्द बरै चौरासिया, ३५ वर्षीया श्रीमती उर्मिलादेवी, आमा ६५ वर्षीया सीतादेवी र १७ वर्षीया छोरी सत्याले मंगलबार राती घरमै आत्महत्या गरेका हुन् ।

सीतादेवीले मेटासिड नामक विष खाएर तथा बाँकी तीनले पंखामा डोरी लगाई झुन्डिएर आत्महत्या गरेका थिए । परमानन्दले १२ र ५ वर्षका दुई छोरालाई मंगलबार दिउँसो भारतस्थित मामाघर पठाइदिएका थिए । घटना हुँदा घरमै सुतिरहेकी सात वर्षीया छोरी पुनम भने सुरक्षित छिन् । लामो समयदेखिको मुद्दा मामिलाका कारण उत्पन्न आर्थिक संकटले उनीहरुले यसरी आत्महत्या गरेको छिमेकीहरुले अनुमान गरेका छन् ।

बुधबार बिहान पोखरीमा नुहाउन बोलाउन जाँदा बरै परिवारले आत्महत्या गरेको छिमेकीले थाहा पाएका थिए । एकादशीको भोलिपल्ट गाउँका सबै महिला नगवा पोखरीमा स्नान गर्न जाने चलन छ । छिमेकी सिकलियादेवीले भनिन-"बिहान ४ बजेतिर टोलका सबै भेला भए पनि उनीहरु आएनन् । उठाउन जाँदा त्यस्तो हालतमा रहेछन् ।"

परमानन्द जग्गाधनी गोपाल चौरासियासित सातआठ वर्षदेखि १६ कठ्ठा जग्गामा मोहियानी हकका लागि मुद्दा लडिरहेका थिए । लामो समयदेखि चलेको मुद्दाले ऋणको बोझ थपिदै गएको थियो । स्थानीय लक्ष्मण चौरासियाकाअनुसार सर्वोच्च अदालतमा चलिरहेको मुद्दाको तारेख खेप्न परमानन्दलाई बुधबार काठमाडौं पुग्नुपर्ने थियो ।

मुद्दा लड्नकै लागि, उनले तीन वर्षअघि छिमेकी सत्यनारायण साह तुराहालाई घरजग्गा धितो राखेर ३० हजार रुपैंयाको कागज गरी १० हजार रुपैंया ऋण लिएका थिए । लक्ष्मण भन्छन्-ऋण तिर्न नसकेकाले साहुले एक साताअघि घरजग्गा रोक्का गराएका थिए ।

## मोहीको समस्याबाट कृषकको पाकेको धानबाली अलपत्र

**माधव नेपाल, राजधानी**

सिन्धुपाल्चोक, २ मंसिर

पुस्तौदेखि जोत्दै आएको जमीनको आवश्यक प्रमाण हुँदासमेत मोहियानी हक नपाएपछि बाँडेगाउँको दसौं रोपनी खेतमा पाकेको धान अलपत्र परेको छ । आवश्यक प्रमाणमध्ये दुइ नम्बर अनूसुची फाराम र चार नम्बर अनुसूची फारामसमेत रहेको बाडेगाउँ ८ का एकराज गौतम र गोविन्द गौतमले भूमिसुधार कार्यालयमा दिएको उजुरीको छिनोफानो भएको छैन् ।

आफ्नै पुर्खाको नाममा रहेको उनीहरुको १० रोपनी खेत १९९७ सालमा साहुले केही कपडा दिएर आफ्नो नाममा गरेको थियो। साहुको नाममा भएपनि आफुले कमाउँदै गौतमले साहुलाइ कुतवापतको अन्न बुझाउँदै आएका थिए । "हामीले कुत भने बुझाउँदै आयौ । तर भर्पाइ लिएका थिएनौं-गौतमद्धय भन्छन् ।

नियमित रुपमा विना प्रमाण कुत बुझाउँदै आएका गौतम परिवारले गत वर्षदेखि भर्पाइ माग्न थालेपछि भने उनीहरुको बीचमा खटपट शुरु भयो । भूमिमाथि द्वैध स्वामित्वको अन्त्य गर्ने सरकारी निर्णय अनुरुप नै हामीले भर्पाइ माग्यौं, त्यसपछि साहु आफैले जमीन कमाउने दाबी गर्‍यो । अनि हामीले आफूसँग भएको प्रमाणको आधारमा भूमिसुधार कार्यालयमा मोहियानी हकका लागि उजुरी गर्‍यौं । एकराज गौतमले राजधानीसित बताए । त्यसो त गत जेठ महिनामा मोहीहरुले रोपेको मकैसमेत उखलेर साहुले धानको बीउ राखेको थियो ।

यसरी दुबैतर्फको हानाथापपछि गत असारमा मोहीहरुले खेतमा धान रोपेका थिए । तर त्यसको लगत्तै साहु महेन्द्र हिमालय र तुल्सी हिमालयको नेतृत्वमा पुन: खेत रोपिएको स्थानिय बासिन्दा बताउँछन् ।

यसरी साहु र मोहीको हानाथापमा रोपिएको खेतमा अहिले भूमिसुधार कार्यालयको निर्णयको ढिलासुस्तीले पाकेको धानबाली कसैले पनि उठाउन सकेका छैनन् ।

अहिले वरिपरिका खेतमा सबैले धान काटेर थन्क्याइसकेका छन् । तर सो खेतमा पाकेको धान त्यतिकै रहेको छ । भूमि अधिकार अभियानकर्ता हरिप्रसाद तिमल्सिनाका अनुसार २०४९ साल २८ पुसमा नै भूमिसुधार कार्यालय चौतारामा कुतद्धारा धरौटी राखेर उजुरी गरेको मुद्धासमेत हालसम्म छिनोफानो भएको छैन ।

श्री ५ को सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संसोधन २०५३ मा द्वैध स्वामित्वको अन्त्य गर्ने निर्णयअनुसार मोहीसँग भएको पाँच प्रमाणमध्ये जुनसुकै भएपनि आफुले जोत्दै आएको जमीन आधा पाउने व्यवस्था उल्लेख छ ।

२ नम्बर अनूसुची फाराम, ४ नम्बर अनूसुची फाराम, ७ नम्बर अनुसूची फाराम, नापी फिल्ड बुकमा मोहीको नाम, साहुको पूर्जामा मोहीको नाममध्ये, जुनसुकै एक प्रमाण भए पनि कानूनत: मोहीले आधा जमीन पाउँछ । तर, गौतमद्धयसँग दुइवटा प्रमाण भएपनि उनीहरुको पक्षमा निर्णय गर्न ढिलाइ गरिएको छ । साहुहरुले सम्बन्धित कार्यालयमा आर्थिक प्रलोभनसमेत देखाएको शंका व्यक्त गर्दै उनी भन्छन-यदि मोहीको पक्षमा निर्णय भएन भने हामी झन ठूलो प्रतिकार गर्नेछौं ।

## मोहियानी हकसम्बन्धी अध्यादेश ल्याउने तयारी

**अनिल गिरी (अन्नपूर्ण पोष्ट)**

काठमाडौं, १७ मंसिर

पटकपटक भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गर्ने सरकारी प्रतिबद्धताहरु कार्यान्वयन नभएपछि सरकारले अध्यादेशमार्फत् मोहियानी जग्गाको स्वामित्व अन्त्यका लागि निवेदन दिने र जग्गा बाँडफाँड गर्ने म्याद पुन: थप्ने भएको छ । यसरी थपिएको म्यादमा जग्गा बाँडफाँडको लागि मोही र जग्गावालले सम्बन्धित जिल्लाको भूमिसुधार कार्यालयमा निवेदन दिएपछि मोही र जग्गावाललाई सरकारले मोहीले कमाउँदै आएको जग्गा आधा-आधा गरी बाँड्ने गर्दछ ।

अध्यादेश जारी भएको लगत्तै सरकारले यस सम्बन्धी ऐन ल्याएर छुटेको मोहियानी दर्ता र जग्गा बाँडफाँडको म्याद पुन: दुई वर्षका लागि बढाउने तयारी भएको भूमिसुधार तथा व्यवस्था मन्त्रालय स्रोतले बतायो । मोहियानी हक र जग्गा बाँडफाँडसम्बन्धी अध्यादेश जारी गर्नका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयले एक प्रस्ताव मन्त्री परिषद्मा पठाइसकेको छ ।

२०५१ मा तत्कालीन भूमिसुधारमन्त्री जगन्नाथ आचार्यको कार्यकालमा गरिएको एक अध्ययनमा नेपालमा तीन लाख पचहत्तर हजार परिवार दर्तावाल मोहीहरु रहेका थिए । उता बेदर्तावाल मोही (जग्गा जोत्ने) हरुको संख्या सरकारी आँकडामा एकिन नभए पनि झन्डै पाँच लाख जोताहाहरु बेदर्तावाल मोहीको रुपमा जमीन जोतिरहेको विभिन्न गैरसरकारी अध्ययनहरुले देखाएका छन् । मोहियानी हक र भूमिसुधारसम्बन्धी कार्य गरिरहेको एक गैरसरकारी संस्था सामुदायिक आत्मनिर्भर केन्द्रले पनि यस्ता वेदर्तावाल मोहीहरुको संख्या पाँच लाखभन्दा बढिरहेको जनाएको छ । न्यून संख्यामा मोहियानी छुटेपछि र जग्गा बाँडफाँडमा कमी आएपछि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा सरकारले २०५८ साउन ३२ गतेको एक निर्णयमार्फत दुइ वर्षका लागि जग्गा बाँडफाँड गर्ने र मोहियानी हक स्थापना गर्ने निर्णय गरेको थियो ।

सरकारले २०५३ सालमा भूमिसुधारसम्बन्धी चौंथो संशोधनमार्फत् भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गरेको थियो । तर वेदर्तावाल मोहीहरुको बारेमा सरकारी धारणा वर्षौसम्म स्पष्ट नभएपछि पाँच लाख मोहीहरुको हक संकटमा परेको हुँदा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले प्रस्तावित सरकारको आवधारणाप्रति विरोध प्रकट गरेको छ । पाँच लाख बेदर्तावाल मोहीहरुको समस्या र हकलाई ध्यान नदिई ल्याउने कुनै पनि भूमिसुधार कार्यक्रमले पूर्णता नपाउने केन्द्रले ठहर गरेको छ । मोहीका रुपमा जमीन जोत्दै आएका तर मोहियानी हक नपाएका पाँच लाख मोहीहरुको हक सुरक्षित नगरिएसम्म नेपालमा मोहियानी हकको अवधारणा समाप्त गर्न खोज्नु अन्याय हुनेछ, केन्द्रले भनेको छ । मोहियानी हक र जग्गाको द्वैध स्वामित्वको नाममा जोताहा किसानलाई जमीनबाट पाखा लगाइने र अन्तत: जमीनदारको स्वार्थ पूरा गर्ने पनि केन्द्रले ठहर गरेको छ ।

सरकारी स्रोतका अनुसार २०५३ सालमा सरकारले जोताहा किसानहरुलाई आफ्नो हक संरक्षणका लागि मोही दर्ता गर्नका लागि प्रदान गरेको समयावधी (छ महिना) अत्यन्त कम भएको र त्यस्ता मोहीहरु अब नछुटोस भन्नाका लागि सरकारले केही कार्यक्रमहरु आउन सक्ने बतायो । यसैगरी केन्द्रले मोही लागेको जग्गा सरकारले स्वयंले आधाआधा गरिदिने व्यवस्थाले मोही निस्सा भएका तर स्रेस्तामा मोही नजनिएकाहरु आधा जग्गा पाउनबाट वञ्चित हुने सम्भावना हुने हुँदा शुरुमा अस्थायी निस्सा भएका मोहीलाई स्रेस्तामा मोहियानी कायम गरिदिने र पछि मात्र बाँडफाँड गर्न पनि आग्रह गरेको छ ।

## जनमुखी भूमिसुधार ल्याउने गृहकार्य सुरु

**अर्जुन खडका**

राजधानी काठमाडौं, २९ कात्तिक

सरकारले जनमुखी भूमिसुधार कार्यक्रम ल्याउन आन्तरिक छलफल सुरु गरेको छ । प्रधानमन्त्री सूर्यबहादुर थापाले जग्गा माथिको द्वैध स्वामित्वको अन्त्यका लागि जनमुखी भूमिसुधार कार्यक्रम ल्याउने घोषणा गर्नुभएको लगत्तै त्यसबारे गृहकार्य सुरु गरिएको हो ।

प्रधानमन्त्री थापाले यही १८ कात्तिकमा सरकारको भावी लक्ष्य, रणनीति तथा कार्ययोजना सार्वजनिक गर्ने क्रममा जनमुखी भूमिसुधार कार्यक्रम ल्याउने घोषणा गर्नुभएको थियो । त्यसलाई कार्यान्वयनमा लैजाने क्रममा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले विद्यमान भूमिसम्बन्धी ऐन कानूनलाई समयानुकूल संशोधनको गृहकार्य सुरु गरेको हो ।

भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गरी वास्तविक किसानको हातमा जमीन उपलब्ध गराउने उद्देश्यले सरकारले जनमुखी भूमिसुधार कार्यक्रम ल्याउन लागेको हो ।

मन्त्रालयस्तरमा छलफल सुरु भएको छ भने भूमि व्यवस्थापन विभागले हालै राजधानीमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना समेत गरेको थियो ।

जनमुखी भूमिसुधार नीतिमा भूमिहीन तथा सीमान्त किसानलाई लाभ पुर्‍याइने दावी सरकारको छ । हदबन्दी कायम गर्ने विषयमा टुङ्गो नलागे पनि एक लाखभन्दा बढी किसान परिवारलाई लाभ पुग्नसक्ने लक्ष्य राखी कार्यक्रम सार्वजनिक गर्ने सरकारको योजना रहेको छ । सूत्रका अनुसार हदबन्दीमा ४० प्रतिशतसम्म घटाउने सम्भावना छ ।

दुईवर्षअघि भूमिसम्बन्धी ऐनमा पाँचौ संशोसन गरी जग्गाको हदबन्दी घटाइएको थियो । २०५८ साल भदौमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले क्रान्तिकारी भूमिसुधारसम्बन्धी कार्यक्रम घोषणा गर्नुभएको थियो ।

हाल विद्यमान भूमिसम्बन्धी ऐन, २०५८ मा एकजना व्यक्तिले भित्रीमधेश तथा तराईमा १० विघा, काठमाडौं उपत्यकामा २५ रोपनी, पहाडी क्षेत्रमा ७० रोपनी खेतीका लागि जग्गा राख्न पाउने प्रावधान छ । त्यस्तै घरका लागि तराई तथा भित्रीमधेशमा एक विघा र पहाड तथा काठमाडौं उपत्यकामा पाँच रोपनी हदबन्दी कायम छ ।

सरकारले मोहियानी सम्बन्धमा पनि नयाँ निर्णय गर्नेभएको छ । सरकारी सूत्रका अनुसार दुई वर्षअघि भूमिसम्बन्धी ऐन गरिएको पाँचौ संशोधनले दुइवर्षभित्र मोहियानीको मुद्धा किनारा लगाइसक्ने भनिए पनि तोकिएको समयभित्र काम नसकिएकाले थप समय राखी नयाँ व्यवस्था अपनाउनुपर्ने भएको हो ।

भूसिुधारमन्त्री सर्वेन्द्रनाथ शुक्लाले भने जनमुखी भूमिसुधारको स्वरुपबारे केही स्पष्ट गर्न चाहनुभएन । प्रधानमन्त्रीले जनमुखी भूमिसुधार ल्याउने घोषणा गरिसक्नुभएको छ । हामी छिट्टै वास्तविक र सीमान्त किसानलाई लाभ हुने कार्यक्रम ल्याउँदैछौं- उहाँले राजधानीलाई संक्षिप्त जवाफ दिनुभयो ।

भूमि व्यवस्थापन विभागद्धारा हालै आयोजित कार्यक्रममा मन्त्री शुक्लाले विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले भूमिहीन गरिब, किसान तथा पिछडिएको वर्गलाई भ्रममा पारी आफ्नो अस्तित्व स्थापित गर्न खोजिरहेको बेला सरकारद्धारा ल्याउन लागेको जनमुखी भूमिसुधार कार्यक्रम माओवादीलाई निस्तेज गर्न सहयोगी हुने दाबी गर्नुभएको थियो ।

# हाम्रा प्रकाशनहरू





प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

**Community Self Reliance Centre (CSRC)**

**सिन्धुपाल्चोक, सम्पर्क कार्यालय: काठमाडौं**

**पोष्ट बक्स नं : १९७९०, फोन ३६०४८६**

E-mail : csrc@tenancy.wlink.com.np, Website : www.csrc.org.np